# जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

नेपालको संविधानको धारा ४२ उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था भएकोले राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुलाई आवासको व्यवस्थाको लागि आर्थिक बर्ष २०६६।६७ देखि व्यवस्था भएको बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३” रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **“मन्त्रालय”** भन्नाले सहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) **“केन्द्रीय समन्वय समिति”** भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) “**विभाग**” भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग सम्झनु पर्छ ।

(घ) **“कार्यक्रम समन्वय एकाइ”** भन्नाले दफा १० को उपदफा (१) बमोजिमको कार्यक्रम समन्वय एकाइ सम्झनु पर्छ ।

(ङ) **“डिभिजन कार्यालय”** भन्नाले विभाग अर्न्तगतको सम्बन्धित डिभिजन कार्यालय सम्झनु पर्छ ।

(च) **“कार्यक्रम कार्यान्वयन एकाइ”** भन्नाले दफा १० को उपदफा (४) बमोजिमको कार्यक्रम कार्यान्वयन एकाइ सम्झनु पर्छ ।

(छ) **“जनता आवास”** भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास एकाइ सम्झनु पर्छ ।

(ज) **“कार्यक्रम”** भन्नाले जनता आवास कार्यक्रम सम्झनु पर्छ ।

(झ) **“आवास एकाइ”** भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

(ञ) **“निर्माण समिति”** भन्नाले दफा १७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ट) **“लाभग्राही”** भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्छ ।

(ठ) **“लक्षित वर्ग”** भन्नाले कार्यक्रम लागू हुने स्थानमा विगत देखि स्थायी रुपमा बसोबास गरेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ ।

(ड) **“जिल्ला समन्वय समिति”** भन्नाले दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. **लक्षित वर्गको पहिचान :** लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ :-

(क) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

(ख) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू विगत देखि सो स्थानमा बसोबास गरीआएको भन्ने स्थानीय निकायको सिफारिस ।

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज ।

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था ।

४. **लाभग्राहीको छनौटका आधार :** (१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुइँ, गारो, तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची-१ बमोजिम अङ्क प्रदान गरिने छ ।

तर अनुसूची-१ को क्रमसंख्या ४, ५ र ७ बाट कुनै अङ्क प्राप्त नगर्ने घरधनीलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरधनी देखि न्यूनतम ३५ अङ्क प्राप्त गर्ने व्घरधनीलाई मात्र क्रमैसँग लाभग्राहीको रुपमा छनौट गरिनेछ ।

(३) लाभग्राहीको छनौट जिल्ला समन्वय समितिले गर्ने छ ।

(४) उपदफा (२) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमूलीलाई पहिलो प्राथमिकतामा दिइनेछ ।

(५) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन् ।

५. **कार्यक्रम कार्यान्वयन स्थल :** (१) साधारणतया दश लाभग्राही परिवार वसोवास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिने छ ।

तर छरिएर बसोबास गरेको डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको बस्तीको हकमा यो बन्देज लागू हुने छैन ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गको घर यथास्थानमा पुनःर्निमाण हुनेगरी गरिनेछ ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्यन गरिने छैन ।

## परिच्छेद ३
## रकम तथा निर्माण सामाग्री सम्वन्धी

६. **रकम उपलब्ध गराउने :** (१) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले लाभग्राहीलाई आवास निर्माण गर्न निर्माण समिति मार्फत रकम उपलब्ध गराउने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै स्थानमा निर्माण समिति गठन हुन नसकेमा डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले लाभग्राहीलाई सोझै रकम उपलब्ध गराउने छ ।

(३) निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीले रकम प्राप्त गर्न डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खोलेको खाताको संचालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीको र डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले तोकेको कर्मचारीको संयुक्त नामबाट हुनेछ ।

(५) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले संयुक्त खाता संचालनको लागि कर्मचारी तोक्दा आवास एकाइ निर्माणको मूल्याङ्कन गरी बिलपास गर्ने कर्मचारीलाई तोक्न पाईने छैन ।

(६) लाभग्राहीलाई रकम उपलव्ध गराउने सम्वन्धमा डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ र निर्माण समिति बीच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(७) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा निर्माण समितिले लाभग्राहीसँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(८) निर्माण समिति गठन नभएको अवस्थामा सोझै रकम प्राप्त गर्ने लाभग्राहीसंग डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(९) उपदफा (७) बमोजिम सम्झौता भएपछि निर्माण समितिले निर्माण सामाग्री उपलव्ध गराएको भए सो वापतको रकम कटाई बाँकी रकम लाभग्राहीलाई उपलब्ध गराउनेछ ।

(१०) उपदफा (६) र (८) बमोजिमको सम्झौता भएपछि डिभिजन कार्यालयले निर्माण सामाग्री उपलव्ध गराएको भए सो वापतको रकम कटाई बाँकी रकम निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराउने छ ।

(११) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ र निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच भएको सम्झौता बमोजिम डिभिजन कार्यालयले निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य प्रगतिको आधारमा बिल भरपाई प्राप्त भएको मितिले तीस दिन भित्रमा किस्ताबन्दीमा रकम उपलब्ध गराउने छ ।

(१२) सम्झौता तथा खर्च सम्वन्धी सम्पूर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्वन्धित डिभिजन कार्यालयको हुनेछ ।

७. **निर्माण सम्पन्न भएको मानिने** : सम्झौता बमोजिमको शौचालय सहितको आवास एकाइ निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

८. **लागत सहभागीता योगदान र व्यवस्थापन** : (१) लाभग्राहीले कुल अनुदानको दश प्रतिशत लागत सहभागीता वापत ब्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागीता श्रमदान, नगद वा निर्माण सामाग्री जुनसुकै हुन सक्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित लागत सहभागीता वापत लाभग्राहीले कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको शौचालय निर्माणका लागि डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ ।

९. **निर्माण सामग्री उपलब्ध गराउने** : (१) आवास एकाइ निर्माणको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा, जस्ता निर्माण सामाग्रीहरू निर्माण समितिले र सो समिति गठन नभएकोमा लाभग्राही आफैले खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामाग्रीहरु निर्माण समिति वा लाभग्राहीले खरिद गर्न नसकी डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइमा लिखित अनुरोध गरेमा डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले त्यस्ता सामाग्री उपलब्ध गराउनु पर्नेछ ।

(३) लाभग्राहीले भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास एकाइ निर्माण गर्नु पर्नेछ ।

(४) निर्माण सामाग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ र कम रकम लाग्ने भएमा सोही अनुसार मूल्याङ्कन गरी भुक्तानी गरिनेछ ।

१०. **कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको भूमिका** : (१) कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुर्याउन विभागमा एक कार्यक्रम समन्वय एकाइ रहनेछ ।

(२) कार्यक्रम समन्वय एकाइको काम देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूबीच समन्वय गर्ने ।

(ख) आवास एकाईहरुको नक्सा तयार गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ग) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र भावी कार्यक्रमको लागि केन्द्रीय समन्वय समितिमा सिफारिस गर्ने ।

(३) डिभिजन कार्यालयले कार्यक्रमको प्रगतिको आधारमा बजेट निकासा दिने र निर्माण कार्यको प्रगति लिई कार्यक्रम समन्वय एकाइमा प्रगति विवरण पठाउनु पर्नेछ ।

(४) डिभिजन कार्यालयमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन एकाइ रहनेछ ।

(५) कार्यक्रम कार्यान्वयन एकाइको काम कर्तव्यहरू देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलब्ध जग्गा अनुसार आवास एकाइ निर्माण कार्य कार्यान्वयन गराउने ।

(ख) आवास एकाइ निर्माणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ग) निर्माणाधिन आवास एकाईहरुको अनुगमन, मूल्याङ्कन गर्ने ।

(घ) सम्वन्धित स्थानीय निकायहरूसँग समन्वय गर्ने ।

(ङ) कार्यक्रमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी सोको आधारमा भुक्तानीको लागि डिभिजन कार्यालयमा सिफारिस गर्ने ।

(च) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी डिभिजन कार्यालयमा पेश गर्ने ।

(छ) कार्यक्रम सम्बन्धी जानकारी गराई लक्षित वर्गलाई परिचालन गर्ने ।

## परिच्छेद ४
## समिति सम्वन्धी

११. **केन्द्रीय समन्वय समिति** : (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापनका लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको एक केन्द्रीय समन्वय समिति रहने छ :-

| | |
|---|---|
| (क) शहरी विकास मन्त्री | संयोजक |
| (ख) सदस्य, राष्ट्रिय योजना आयोग (शहरी विकास क्षेत्र हेर्ने) | सदस्य |
| (ग) सचिव, मन्त्रालय | सदस्य |
| (घ) सचिव, गृह मन्त्रालय | सदस्य |

(ङ) सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय — सदस्य
(च) सह-सचिव, आवास तथा भवन महाशाखा, शहरी विकास मन्त्रालय — सदस्य
(छ) महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग — सदस्य
(ज) महानिर्देशक, वन विभाग — सदस्य
(झ) महानिर्देशक, भूमिसुधार तथा व्यवस्थापन विभाग — सदस्य
(ञ) महानिर्देशक, नापी विभाग — सदस्य
(ट) महाप्रवन्धक, राष्ट्रिय आवास कम्पनी लिमिटेड — सदस्य
(ठ) लव्धप्रतिष्ठित समाज सेवी तथा बुद्धिजिवीहरु मध्येबाट लक्षित वर्गको प्रतिनिधित्व समेत हुने गरी मन्त्रालयबाट मनोनीत एकजना महिला सहित तीन जना — सदस्य
(ड) उप-महानिर्देशक, आवास महाशाखा, विभाग — सदस्य सचिव

(२) मन्त्रालयमा राज्यमन्त्री तथा सहायक मन्त्री रहेमा निजहरु केन्द्रीय समन्वय समितिको सदस्यको रूपमा रहने छन् ।

१२. **केन्द्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार** : केन्द्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति तथा बजेट तर्जुमा गर्ने ।
(ख) कार्यक्रम कार्यान्वयनको क्रममा विभाग, डिभिजन कार्यालय तथा जिल्ला समन्वय समितिलाई आवश्यक निर्देशन दिने ।
(ग) लाभग्राहीलाई दिने अनुदान रकम तोक्ने ।
(घ) जिल्ला समन्वय समितिबाट कार्यक्रम कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिकाहरुको सूची सम्बन्धी जानकारी लिने ।
(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।
(च) कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित निकायहरूबीच समन्वय गर्ने ।
(छ) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउने ।
(ज) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागीता रकम जिल्ला समन्वय समितिको सिफारिस समेतका आधारमा छुट दिने ।
(झ) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।
(ञ) आवश्यक्ता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

१३. **बैठक सम्बन्धी कार्यविधि** : (१) केन्द्रीय समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) केन्द्रीय समन्वय समितिले बैठकमा आवश्यक विज्ञ वा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१४. **जिल्ला समन्वय समिति** : (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन जिल्लास्तरमा देहाय बमोजिम एक जिल्ला समन्वय समिति रहनेछ :-

(क) मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको सांसद् — संयोजक
(ख) मन्त्रालयले तोकेको सम्वन्धित जिल्लाका उपलब्ध भएसम्म सांसद् दुईजना — सदस्य
(ग) प्रमुख जिल्ला अधिकारी — सदस्य
(घ) स्थानीय विकास अधिकारी — सदस्य

(ङ) प्रमुख, जिल्ला नापी कार्यालय — सदस्य
(च) प्रमुख, मालपोत कार्यालय — सदस्य
(छ) प्रमुख, जिल्ला भूमिसुधार कार्यालय — सदस्य
(ज) प्रमुख, जिल्ला खानेपानी कार्यालय — सदस्य
(झ) प्रमुख, जिल्ला बन कार्यालय — सदस्य
(ञ) समितिले तोकेको लक्षित बर्गसंग सम्वन्धित संस्थाको प्रतिनिधि-दुईजना — सदस्य
(ट) सम्वन्धित डिभिजन कार्यालयका प्रमुख वा निजले तोकेको कार्यक्रम कार्यान्वयन एकाइको प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सांसद् तोक्दा संयोजकले प्रतिनिधित्व गर्ने राजनीतिक दल भन्दा छुट्टा छुट्टै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी तोक्नुपर्ने छ ।

(३) समितिको संयोजकको अनुपस्थितिमा उपस्थित सदस्य सांसद्हरुमध्ये जेष्ठ सांसद्ले संयोजक भई कार्य गर्नेछ ।

(४) जिल्लामा कुनै सांसद् नरहेको वा नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारीले समितिको संयोजकको रुपमा कार्य गर्नेछ ।

१५. **जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार** : जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने ।
(ख) जिल्लाका सबै निर्वाचन क्षेत्र समेट्ने गरी तत्काल कायम रहेका सबै गाँउ विकास समिति वा नगरपालिकाका लक्षित वर्ग समेटी गाँउ विकास समिति वा नगरपालिका छनौट गरी छनौट भएका गाँउ विकास समिति वा नगरपालिकाको सूची केन्द्रीय समन्वय समितिमा पठाउने ।
(ग) कार्यक्रम लागू हुने गाउँ विकास समिति वा नगरपालिकाबाट दफा ४ को आधारमा लाभग्राहीको छनौट गर्ने ।
(घ) कार्यक्रम कार्यान्वयनका क्रममा जिल्लास्तरमा समन्वय कायम गर्ने ।
(ङ) कार्यक्रम कार्यान्वयन गर्न डिभिजन कार्यालय, निर्माण समिति र लाभग्राहीलाई आवश्यक सहयोग गर्ने तथा निर्देशन दिने ।
(च) कार्यक्रमको कार्यान्वयन सम्वन्धमा अनुगमन गर्ने ।
(छ) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने ।
(ज) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागीता छुटका लागि निर्माण समिति वा लाभग्राहीबाट मनासिव कारण तथा प्रमाण सहित अनुरोध भई आएमा केन्द्रीय समन्वय समिति समक्ष सो रकम छुटका लागि सिफारिस गर्ने ।

१६. **बैठक सञ्चालन सम्बन्धी कार्यविधि** : (१) जिल्ला समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) जिल्ला समन्वय समितिले आवश्यकता अनुसार बैठकमा अन्य विज्ञ तथा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१७. **निर्माण समिति** : (१) न्यूनतम दश लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा देहाय बमोजिमको निर्माण समिति रहनेछ :-

(क) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयको रोहवरमा लाभग्राहीहरू मध्येबाट छनौट भएको व्यक्ति — संयोजक
(ख) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयको रोहवरमा लाभग्राहीहरू मध्येबाट छनौट भएका कम्तीमा एकजना महिला सहित बढीमा तीन जना — सदस्य

(ग) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट
खटाईएको प्रविधिक कर्मचारी — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम संयोजक र सदस्य छनौट हुन नसकेमा जिल्ला समन्वय समितिले संयोजक र सदस्य छनौट गर्नेछ ।

१८. **निर्माण समितिको दर्ता** : दफा १७ बमोजिम गठन भएको निर्माण समिति सम्वन्धित स्थानीय निकायमा दर्ता हुनु पर्नेछ ।

१९. **निर्माण समितिको काम, कर्तव्य र अधिकार** : निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला समन्वय समिति र डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट प्राप्त निर्देशन अनुरूप निर्माण कार्य गर्ने, गराउने ।
(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामग्री प्राप्त गर्ने, गराउने ।
(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लाभग्राहीसँग सहमति कायम गर्ने ।
(घ) लाभग्राहीलाई रकम उपलव्ध गराउने ।
(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने, गराउने ।
(च) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता बापत दफा ८ को उपदफा (३) बमोजिमको कार्य गराउने ।
(छ) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागीता छुट दिन जिल्ला समन्वय समितिलाई सिफारिस गर्ने ।
(ज) डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढङ्गले संचालन गर्ने ।
(झ) डिभिजन कार्यालयबाट स्वीकृत नाप नक्सा बमोजिम आवास एकाइ निर्माण गर्ने, गराउने ।
(ञ) स्वीकृत नाप नक्सा बमोजिम आवास एकाइ निर्माण भए नभएको बारे जाँच गरी प्रत्येक किस्ता भुक्तानीको लागि सिफारिस गर्ने ।

## परिच्छेद ५
## तालिम सम्वन्धी

२०. **तालिमको व्यवस्था** : (१) डिभिजन कार्यालयलले प्रत्येक जिल्लामा भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि सम्वन्धी तालिमको व्यबस्था गर्नु पर्नेछ ।

(२) डिभिजन कार्यालयले आवास एकाइ निर्माणमा संलग्न हुने जनशक्तिलाई कार्यगत तालिमको व्यवस्था गर्नेछ ।

(३) आवास एकाइ निर्माण तालिममा लाभग्राहीहरूलाई प्राथमिकता दिइने छ ।

(४) डिभिजन कार्यालयले लाभग्राहीहरुलाई कार्यक्रम सम्वन्धमा सूसूचित गर्न अभिमूखिकरण तालिम संचालन गर्न सक्नेछ ।

## परिच्छेद ६
## विविध

२१. **निर्देशन पालना गर्नु पर्ने** : केन्द्रीय समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वन्धित निकायले पालना गर्नु पर्नेछ ।

२२. **विवादको समाधान** : कार्यक्रम कार्यान्वयन गराउने निकाय र निर्माण समिति वा लाभग्राहीहरु बीच कुनै विवाद उत्पन्न भएमा केन्द्रीय समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

२३. **फरफारक हुने** : कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च फरफारक गरिनेछ ।

२४. **बेच बिखन गर्न नपाउने** : लाभग्राहीले आवास एकाइ निर्माण सम्पन्न भएको मितिले पाँच बर्ष सम्म बेचविखन गर्न पाउने छैन् ।

२५. **कारबाही हुने** : आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२६. **पुर्वाधार** : कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि अवश्यक पर्ने भौतिक पुर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र आदिको निर्माण कार्य समेत आवश्यक्ता अनुसार गरिनेछ ।

२७. **अन्य निकायले सहयोग गर्ने** : नेपाल सरकारको पूर्वाधार तथा अन्य सेवासंग सम्वन्धित निकायहरुले कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि सहयोग पुऱ्याउनु पर्नेछ ।

२८. **सुविधा नपाउने** : यस कार्यविधि बमोजिम आवास एकाइ प्राप्त गर्ने लाभग्राहीहरुले नेपाल सरकारको अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन ।

२९. **फेरबदल गर्न सक्ने** : लाभग्राहीले स्वीकृत नमुना आवास डिजाइनमा केही फेरबदल गरी निर्माण गर्न सक्नेछ ।

तर कम क्षेत्रफलको आवास एकाइ निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलब्ध गराईने छ ।

३०. **गैर सरकारी संस्थाको सहयोग लिन सक्ने** : कार्यक्रम कार्यान्वयनको लागि गैर सरकारी संस्थाबाट प्राविधिक सहयोग लिन सकिनेछ ।

३१. **प्रचलिन कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३२. **खारेजी र बचाउँ** : (१) जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ खारेज गरिएको छ ।

(२) जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची १
## दफा ४ को उपदफा (१) संग सम्वन्धित
## लाभग्राहीहरूको छनौटका आधारहरू

| क.स | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा वढी - ० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कम -१०<br>६० देखि १०० सम्म- ५<br>१०० भन्दा वढी - ० | |
| ३ | घरभित्रको भुई | माटो - १०<br>ईंटा,ढुङ्गा आदि -५<br>सिमेन्ट - ० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने । |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी - ५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टको जोर्नी-० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने । |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>खपडा, टायल, टिन - ५<br>ढलान, कर्कट पाता - ० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ६ | घर बस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको - १०<br>नभएको - ० | तर डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि-१० |
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय निकायको सिफारिस (स्वबासी र विवाद रहित) -१०<br>नदी/ताल किनारामा बसोबास गरेको - ० | |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको- १०<br>अन्यत्र जग्गा भएको- ० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१०<br>अन्य -० | |

**अनुसूची-२**

**दफा ६ को उपदफा (६) सँग सम्वन्धित**

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

**जनता आवास कार्यक्रम**

## डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ तथा निर्माण समिति बीच गरिने सम्झौताको ढाँचा

१. **सम्झौता गर्ने पक्षहरु** : डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ र **श्री ............. ....... निर्माण समिति**

२. **कार्यक्रम** : कार्यक्रम अन्तर्गत आवास एकाइ निर्माण गर्ने ।

३. **कार्यक्रम स्थल** : जिल्ला :....... गाँउ विकास समिति/नगरपालिका:..................वडा नं....... टोल/गाउँ...............

४. **निर्माण गरिने कुल आवास एकाइ**

५. **कार्यक्रमको लागत:-** (क) कार्यक्रमले व्यहोर्ने रकम.........................
(ख) लाभग्राहीले व्यहोर्ने रकम......................

६. **कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधि :**

(क) शुरु हुने मिति :- २०../...../......., ख) सम्पन्न हुने मिति :- २०.. /....../.....

**७. खर्च व्यहोर्ने श्रोत :-**

(क) कार्यक्रमबाट व्यहोरिने :-

(१) नगद रुपैया :- ...................।-

(२) निर्माण सामाग्री :-

(ख) लाभग्राहीबाट व्यहोरिने रकम:

(१) नगद.रु...............................

(२) निर्माण सामाग्री (मूल्यमा)............

(३) श्रम (मूल्यमा) :- ..........................

(४) कूल रकम :...........................

**८. निर्माण समितिको नाम /ठेगाना** :- .....................................................

**९. निर्माण समितिको दर्ता नं/कार्यालय** :- .............

**९. निर्माण समितिका पदाधिकारीहरु :-**

| | |
|---|---|
| (क) श्री | : संयोजक |
| (ख) श्री | : सदस्य |
| (ग) श्री | : सदस्य |
| (घ) श्री | : सदस्य |
| (ङ) श्री | : सदस्य सचिव |

**१०. सम्झौताका शर्तहरु:**

(क) नाप नक्सा तथा स्वीकृत लागत अनुमान र तोकीएको गुणस्तर अनुसार निर्माण समितिले निर्माण कार्य गराउने छ ।

(ख) निर्माण समितिले लागत सहभागिता वापत लाभग्राहीले व्यहोर्ने रकमबाट कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय लाभग्राहीलाई निर्माण गर्न लगाउनेछ ।

(ग) निर्माण समितिले डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा लाभग्राहीलाइ भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(घ) निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन एकाइ मार्फत डिभिजन कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

(ङ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी डिभिजन कार्यालयमा समेत पेश गर्नु पर्ने छ ।

**११. भुक्तानीको ढाँचा :**

(क) निर्माण समितिको नाममा रहेको खातामा रकम चार किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभए सम्म खाता सञ्चालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राही र सम्बन्धित डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(ख) स्वीकृत डिजाइन र लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भएपछि सम्बन्धित लाभग्राहीको खातामा २५% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ३० % रकम उपलब्ध गराईने छ ।

(घ) गारो तयार भएपछि थप ३५% सम्बन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालयको निर्माण कार्य सम्पन्न भएपछि बाँकी १०% सम्बन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

**१२. सम्झौताका पक्षहरु**

| **निर्माण समितिको तर्फबाट** | **डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइको तर्फबाट** |
|---|---|
| संयोजक वा लाभग्राही | कार्यक्रम प्रतिनिधीको नाम |
| ठेगाना | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| **साक्षी :** | **साक्षी :** |
| (१) श्री......................................., | (१) श्री......................................., |

**अनुसूची-३**
**दफा ६ उपदफा (७) संग सम्वन्धित**
**निर्माण समिति र लाभग्राहीबीच गरिने**
**संझौताको ढाँचा**

**१. सम्झौता गर्ने पक्षहरु :** ............................**निर्माण समिति** र ..............................**लाभग्राही ।**

**२. कार्यक्रम स्थल :-** जिल्ला :-...... गाँउ विकास समिति/नगरपालिका :- ....... ........वडा नं:- **......**

**३. उद्देश्य :-** आवास निर्माण ।

**४. कुल लागत :-** ................................ (लाभग्राहीको सहभागिता बापतको अशं समेत)

**५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :**

(क) शुरु हुने मिति :- २०.../...../.......

(ख) पुरा हुने मिति :- २०../....../...... सम्म

**६. खर्च व्यहोर्ने श्रोत :-**

क) निर्माण समितिले डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइसंग गरेको संझौता बमोजिम हुनेछ ।

**७. सम्झौताका शर्तहरु:-**

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्ने छ ।
(ख) लागत सहभागिता वापत कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्ने छ ।
(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

**८. सम्झौताका पक्षहरु**

| **निर्माण समितिको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| संयोजक | लाभग्राहीको नाम |
| ठेगाना | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| **साक्षी :** | **साक्षी :** |
| (१) श्री डिभिजन कार्यालयको प्रतिनीधी | (१)श्री |
| श्री.......................................... | |

**अनुसूची-४**

**दफा ६ उपदफा (८) संग सम्वन्धित**

**डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ तथा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच गरिने संझौताको ढाँचा**

**१. सम्झौता गर्ने पक्षहरु :** ................. र.......................................................................... ।

**२. कार्यक्रम स्थल** :- जिल्ला :- ...........गाँउ विकास समिति/नगरपालिका :- ...........वडा नं :- ...

**३. उद्देश्य :** आवास निर्माण ।

**४. कुल लागत** : .................................. (लाभग्राहीको सहभागिता बापतको अंश समेत ।)

**५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :**

(क) शुरु हुने मिति :- ............./........./.......

(ख) पुरा हुने मिति :- .........../......../...... सम्म

**६. खर्च व्यहोर्ने श्रोत :**

(क) कार्यक्रमबाट व्यहोरिने :-

(१) नगद रुपैया :- ..................।-

(२) निर्माण सामाग्री :-

(ख) लाभग्राहीबाट व्यहोरिने रकम :-

(१) नगद.रु..............................

(२) निर्माण सामाग्री (मूल्यमा)............

(३) श्रम (मूल्यमा) :- ..........................

(४) कूल रकम :..........................

**७. भुक्तानीको ढाँचा :**

(क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा चार किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभए सम्म सम्बन्धित डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणीत गर्नेछ ।

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भए पछि २५% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि) को काम सम्पन्न भए पछि थप ३० % रकम उपलब्ध गराईने छ ।

(घ) गारो तयार भएपछि थप ३५% रकम उपलब्ध गराईने छ ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि बाँकी १०% रकम लाभग्रहिको खातामा उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

**८. सम्झौताका शर्तहरु :**

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्ने छ ।

(ख) लागत सहभागिता वापत कम्तिमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्ने छ ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले ब्यहोर्नु पर्नेछ ।

**९. सम्झौताका पक्षहरु :**

| | |
|---|---|
| **डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
| कार्यक्रम प्रतिनिधि : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| (१) श्री...................................... | (१) श्री.................................... |